हल्दीबारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा



आर्थिक वर्ष २०८०/०८१ को अनुमानित

वार्षिक नीति, कार्यक्रम तथा बजेट

Email : haldibariruralmuniciplity123@gmail.com
Website : www.haldibarimun.gov.np

हल्दीबारी गाउँपालिका

जलथल, झापा


खोप केन्द्रबाट निम्न खोपहरु निःशुल्क प्रदान गरिन्छ । उचित समयमा बालबालिका र गर्भवती महिलाहरुलाई खोप लगाई रोगबाट बच्न र बचाउन अनुरोध छ ।

राष्ट्रिय खोप-तालिका

पटक/भेट	कुन उमेरमा	कुन खोप
१	 जन्मने वित्तिकै	वि.सि.जि.
२	 ६ हप्तामा	रोटा पोलियो एफ.आई.पि.भि. डि.पि.टि. हेप बि.हिब
३	 १० हप्तामा	रोटा पोलियो पि.सि.भि. डि.पि.टि. हेप बि.हिब
४	 १४ हप्तामा	पोलिया एफ आई पि भि डि पि टि हेप बि हिव
५	 ९ महिनामा	पि सि भि दादुरा रुवेला
६	 १२ महिनामा	जापनिज इन्सेफलाइटिस
७	 १५ महिनामा	दादुरा रुवेला टाइफाइट

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

शुभकामना



दक्षिण एसिया मै जैविक विविधताले भरिपूर्ण जलथल चारकोशे वनको ठूलो क्षेत्र रहेको झापा जिल्लाको दक्षिणी भागमा अवस्थित हल्दीबारी गाउँपालिकाको पन्ध्रौँ गाँउ सभा सम्पन्न भई आगामी वर्षको योजना तथा कार्यक्रमहरु अध्ययन गर्दा जनमुखी र दिगो विकास केन्द्रित रहेको पाँए। न्युन बजेटमा पनि सबै क्षेत्रहरूलाई उतिकै महत्त्व दिएर चौतर्फी विकासको गति पछ्याउँदै नमुना बन्ने लक्ष्य राखेको गाउँपालिकाको कार्यसम्पादन उत्कृष्ट बन्छ भन्ने अपेक्षा लिएको छु । जनताका अत्यावश्यक आवश्यकताहरु परिपुर्ती हुने खालका जनप्रिय कार्यक्रम अघि सार्दै गाउँपालिकाले तय गरेका कार्यक्रम तथा योजनाहरु पूर्ण रूपमा कार्यान्वयनमा आई गाउँपालिकाको समग्र विकासले गति लिन सकोस भन्ने शुभकामना व्यक्त गर्दछु।

मा. राजेन्द्र प्रसाद लिङ्देन
झापा क्षेत्र नं.-३,
प्रतिनिधी सभा सदस्य

कार्यक्रममा उपस्थित विशेष अतिथि मा. छविलाल चुडालज्यूको भनाई



झापा जिल्लाको दक्षिण क्षेत्रमा अवस्थित हल्दीबारी गाउँपालिकाको पन्ध्रौ गाउँसभा सम्पन्न गरी प्रकाशन गर्न लागिएको पुस्तकमा समेटिएका आगामी आ.व.का योजना तथा कार्यक्रम हेर्दा जनमुखी र दिगो विकास उन्मुख पथमा अग्रसर रहेको पाएँ। विकासका विभिन्न क्षेत्रहरूलाई विकेन्द्रिकृत गरी हरेक क्षेत्रमा उत्तिकै महत्वका साथ अगाडी बढेको पाउँदा साच्चै नै हल्दीबारी गाउँपालिका देशकै उत्कृष्ट गाउँ पालिकाको रूपमा स्थापित हुने विश्वास लिएको छु।

हल्दीबारीको दृष्टि कृषि र पर्यटन मार्फत संवृद्धि अभियानलाई साकार पार्न आफ्ना प्राकृतिक स्रोत साधनको उचित प्रयोग गर्दै जनताको जीवनस्तर माथि उठाउन तथा सामाजिक न्याय सहितको आर्थिक समृद्धि हासिल गर्न यस गाउँपालिकाले अघि सारेका समग्र योजनाहरू सफल कार्यान्वयन भई आर्थिक सामाजिक तथा साँस्कृतिक विकासमा टेवा पुगोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

मा. छविलाल चुडाल
झापा क्षेत्र नं. ३ (२), प्रदेश सभा सदस्य,
कोशी प्रदेश, नेपाल

गाउँपालिका अध्यक्षको तर्फबाट



आर्थिक समानता समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागिता- मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै विधिको शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन विकास र समृद्धिको आकांक्षा पुरा गर्न हल्दीबारी गाउँपालिकाले प्रत्येक वर्ष योजना तथा कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ।

जनताका असिमित इच्छा आकांक्षाहरू सम्बोधन गर्ने साधन स्रोतहरू सिमित हुने भएकोले चाहेर पनि एकैपटक ठूलो परिवर्तन गर्न सकिने अवस्था छैन । तथापी उपलब्ध साधन स्रोतहरूबाट गाउँपालिकाका सबै वडा तथा वस्ती वस्तीबाट छनौट भई आएका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्दै भरसक सबै प्रकारका समस्याहरूको सम्बोधन गर्ने प्रयास गर्दै आइरहेका छौं।

चालु आ.व. ०८०/८१ को शुरूवाती चरणमा आईपुग्दा हामी गत आ.व.हरुमा लिएका लक्ष्य अनुरूप सम्पन्न गर्न नसकेका योजना तथा कार्यक्रम प्राथमिकता क्रमानुसार निरन्तर सम्पन्न गर्दै लैजाने बाचा गर्दै यस आ.व.मा संचालन हुने योजना तथा कार्यक्रमहरू कार्यान्वयनको प्रारम्भिक चरणमा छौ । गाउँबासीको चाहना बमोजिम विभिन्न क्षेत्रगत विकासमा हामी सम्पूर्ण जनप्रतिनिधिहरू प्रतिवद्ध रहेका छौँ। हल्दीबारीको दृष्टि कृषि र पर्यटन मार्फत संवृद्धि अभियान लाई साकार रूप दिनका लागि आ.व.०८०/८१ मा गाउँपालिकाले लिएका नीति तथा कार्यक्रम र बजेट निर्माण गर्ने क्रममा महत्वपूर्ण सल्लाह र सुझाव प्रदान गर्नुहुने गाउँपालिका भित्र र यस अन्तर्गत सम्बन्धित सबै जनप्रतिनिधि, अहोरात्र खटिने कर्मचारी, नागरिक समाज, राजनीतिक दल, बुद्धिजिवी, समाजसेवी र जिल्ला प्रदेश र संघमा प्रतिनिधित्व गर्नुहुने अग्रज तथा माननीय ज्यूहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै स्वीकृत बार्षिक नीति तथा कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनका लागि सौहार्दपूर्ण सहयोगको अपेक्षा गर्दछु।

रविन्द्र प्रसाद लिङ्देन
गाउँपालिका अध्यक्ष

गाउँपालिका उपाध्यक्षको तर्फबाट



स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकि, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न नेपालको संविधानले परिकल्पना गरे अनुसार हाल गाउँको आर्थिक सामाजिक साँस्कृतिक साथै भौगोलिक विविधतालाई आत्मसात् गर्दै दिगो सन्तुलित र समन्यायिक विकासको बाटोमा निरन्तर रूपमा अघी बढ्न यस गाउँपालिका दृढ रहेको छ । तदनुरूप योजनाबद्ध र प्राथमिकताका आधारमा गाउँको समग्र परिस्थितिको मूल्यांकन, विचार परामर्श र विज्ञताको समेत उपयोग गरी विकास निर्माणका कार्यहरू अघि बढाउन हामी सदैव प्रयत्नशील छौँ।

स्थानीय तहमा महिला नेतृत्वको विकास सँगै एकै सिक्काका दुई पाटा मानिने पुरूष र महिला प्रति समान व्यवहार र धारणा कायम राखी महिलाहरू भित्र भएको क्षमताको विकास गरी महिलाहरूलाई विकासका हरेक आयाममा समान सहभागिताको सुनिश्चितता गर्दै देशको सर्वाङ्गीण विकासमा महिलाको योगदान बढाउन सहयोग पुर्याउँदै महिला सशक्तिकरण गर्न हामी महिलालाई भूमिका प्रदान गरेकोमा सम्पूर्ण नारी जगतले गौरव महशुस गरेका छौँ।

थोपा थोपा मिलेर समुद्र बनेझैँ गाउँमा सेवा लिन आउने सर्वसाधारण जनता, गाउँका आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति, विभिन्न क्षेत्रगत शाखा, संघ संस्था तथा आम नागरिक लगायतको प्रयासबाट गाउँपालिकाको कार्यसम्पादन उत्कृष्ट हुँदै आईरहेको कुरा सबैसमक्ष अवगत नै छ।

विश्वव्यापी आर्थिक मन्दीले आक्रान्त भएको अवस्थामा गाउँका सबै संयन्त्रलाई गतिशील, सहभागितामूलक र जवाफदेही बनाउन आ.व. ०८०/८१ को नीति तथा कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गर्दै स्वीकृत बजेट योजना तथा कार्यक्रम सम्पन्न गर्न सबै जनप्रतिनिधि, कर्मचारी, गाउँवासी तथा सरोकारवाला सबैको साथ र सहयोगको अपेक्षा गर्दछु।

लक्ष्मी देवी मैनाली
गाउँपालिका उपाध्यक्ष

प्रमुख प्रशासकीय अधिकृतको तर्फबाट



नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ र यी तीनै सरकारहरू बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेको छ। स्थानिय तहमा विधायिकी, कार्यकारिणी, न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन ऐन २०७४ जारी भई कार्यान्वयनमा रहेको छ । हल्दीबारी गाउँपालिकाले जनतालाई सहज सरल रूपमा सेवा सुविधा उपलब्ध गराउनका लागि विभिन्न ऐन, नियम, कार्यविधि तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। सोहि अनुरूप टोल, वस्ति, तथा वडा समिति तथा गाउँ सभाबाट प्राप्त बजेट, नीति तथा कार्यक्रम समावेश गरी आ.व. २०८०/०८१ को बार्षिक गाउँविकास योजना प्रकाशन गरिएको छ।


सिमित श्रोत साधनको बाबजुद गाउँवासीको असिमित चाहना र आवश्यक्तालाई गाउँपालिकाले लिएका नीति तथा कार्यक्रमले उचित सम्बोधन गर्नेछ भन्ने विश्वास लिएको छु । हाल सम्मको उपलब्धीलाई संस्थागत गर्दै सकारात्मक पक्षलाई दिगो रूपमा स्थापित गर्न गाउँपालिकाले उपलब्ध गराउने सबै किसिमका सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन संघ, प्रदेश र गाउँसभा तथा कार्यपालिकाबाट स्वीकृत भएका स्थानीय कानूनहरूको पूर्ण पालनामा सरोकारवाला सबैको सक्रिय सहभागिताको वातावरण निरन्तर रहीरहनेछ भन्ने आशा लिएको छु।

हल्दीबारी गाउँपालिकाको पन्ध्रौ गाउँसभामा पेश भएका नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन गर्दै नागरिक वडापत्र, अनलाईन कर प्रणाली, अफिस अटोमेसन सिस्टम, कर्मचारी व्यवस्थापन, ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र व्यवस्थापन, लगायत विभिन्न प्रविधिको प्रयोग गरी यस गाउँपालिका र अन्तर्गतका कार्यालयहरूमा सेवा लिन आउने सेवाग्राहीहरूलाई उपलब्ध गराउनु पर्ने सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी रूपमा उपलब्ध गराउन नयाँ तथा आधुनिक प्रविधिको प्रयोग गर्दै गाउँलाई प्रविधिमैत्री बनाउने प्रयास निरन्तर रहीरहनेछ।

आ.व. ०८०/८१ को बार्षिक नीति, बजेट तथा कार्यक्रम तयार गरी प्रकाशन गर्न महत्वपूर्ण सुझाब तथा सल्लाह प्रदान गर्नुहुने प्रतिनिधि सभा सदस्यज्यू, प्रदेश सभा सदस्यज्यू, गाउँपालिका अध्यक्षज्यू, गाउँपालिका उपाध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू, नागरिक समाज, पत्रकार, विभिन्न संघसंस्था लगायत अहोरात्र खटिने सम्पूर्ण कर्मचारीहरूप्रति आभार प्रकट गर्दै स्वीकृत नीति तथा कार्यक्रम र बजेटको सफल कार्यान्वयनका लागि सबैको सकारात्मक सहयोग र सहकार्यको सदैव अपेक्षा गर्दछु।

मान वहादुर वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

हल्दीवारी गाउँपालिकाको संक्षिप्त परिचय



हल्दीबारी गाउँपालिका कोशी प्रदेश, झापा जिल्लाको दक्षिण पुर्वि भेगमा अवस्थित रहेको छ । नेपाल सरकारको पछिल्लो राज्य पुन संरचना २०७३ ले साविक गाउँ विकास समितिहरु गोलधाप, हल्दीबारी र जलथललाई समावेश गरी हल्दीबारी गाउँपालिका नामाकरण गरिएको हो । यसको भौगोलिक अवस्थालाई हेर्दा दक्षिणमा कचनकवल गाउँपालिका पूर्वमा भद्रपुर नगरपालिका उत्तरमा विर्तामोड नगरपालिका र पश्चिममा बाह्रदशी गाउँपालिकाको समथल भूमिसँग जोडिएको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल ११७.३४ वर्ग कि.मि. रहेको छ। वि.स. २०७८ को जनगणनामा कुल जनसख्या ३२,७२२ रहेको छ, जसमा कुल परिवार संख्या ७,८७८ रहेको छ भने कुल महिला १७,१११ जना र कुल पुरुष १५,६११ रहेका छन। यो गाउँपालिका ५ वटा वडामा विभाजन भएको छ। जसमा पश्चिम तिर गोलधाप (**वडा नं १**) रहेका छ भने उत्तर भागमा हल्दीबारी (**वडा नं २**) रहेका छ, त्यसै गरी पुर्व दक्षिण भागमा ढडुवा र बडाबारी (**वडा नं ३ र ४**) रहेका छ भने दक्षिण भागमा कन्चनश्री (**वडा नं ५**) रहेको छ र यसै वडाको एतिहासिक स्थल धनुषपोखरी छेउमा गाउँ कार्यपालिकाको कार्यालय रहेको छ । यस गाउँपालिका भित्र विभिन्न जातजाति र विभिन्न धर्म सम्प्रदायका मानिसहरुको बसोबास रहेको छ । यस गाउँपालिकाका अधिकांश जनसंख्या कृषि पेशमा आवद्ध छन् भने केहि जनसंख्या व्यापार व्यवसायमा पनि आवद्ध छन्। यस गाउँपालिका भित्र जम्मा १७ वटा सामुदायीक र १२ वटा संस्थागत विद्यालयहरु रहेका छन् जसले वालबालिकाहरुलाई सर्वसुलभ तरिकाले पठनपाठनमा सरिक गराएको छ । गाउँ कार्यपालिकाको कार्यालयको प्राङ्गणमा अस्थायी रुपमा सञ्चालित हल्दीबारी आधारभूत अस्पतालले नागरिकहरुको सर्वसुलभ तरिकाले औषधी उपचारको व्यवस्था गरेको छ। त्यस्तै ३ वटा स्वास्थ चौकी र २ वटा आधारभूत स्वास्थ्य केन्द्रहरुबाट पनि स्थानीयवासीको औषधी उपचार हुने गरेको छ। यहाँ घरेलु तथा साना उद्योगहरु भने ज्यादै न्यून रहेको पाईन्छ। त्यस्तै, वडा नं ३,४ र ५ को हुलाकी मार्ग भन्दा दक्षिण भेगमा फैलिएको दक्षिण एसियामै जैविक विविधताले भरिपुर्ण जलथल चारकोसे जंगल तथा वडा नं. २ मा निर्माणाधिन सहिद स्मृति लोकतान्त्रिक पार्क भेलागुढीले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा उच्च सम्भावना बोकेको देखिन्छ।

विषय-सूची

	पेज.नं.
१. अनुसूची-१, कार्यसूची र समय तालिका	१-२
२. हल्दीबारी गाउँपालिकाको १५ औं गाउँसभा अधिवेशनमा गाउँपालिकाका उपाध्यक्षद्वारा प्रस्तुत नीति, कार्यक्रम तथा सोसँग सम्बन्धित आय र व्ययको विवरण (बजेट)	३-१४
३. हल्दीबारी गाउँपालिका गाउँ कायपालिकाको कायालय, झापा विनियोजन ऐन २०८०	१५-५५
४. हल्दीवारी गाउँपालिकाको आर्थिक ऐन, २०८०	५६-८७
५. हल्दीवारी गाउँपालिकाको वडापत्र	८८-१०३
६. हल्दीबारी गाउँपालिकाको गाँउसभा सदस्यहरुको नामावली	१०४-१०७
७. हल्दीबारी गाउँपालिकामा कार्यरत कर्मचारी विवरण	१०८-११३

अनुसूची-१

(कार्यविधी ऐनको दफा १८ सँग सम्बन्धित)

हल्दीबारी गाउँपालिका

१७ औं गाउँसभा

कार्यसूची र समय तालिका

बैठक संख्याः १
बैठक स्थानःगाउँपालिकाको सभाहल

अध्यक्षताः श्री रविन्द्र प्रसाद लिङदेन

मिति	बैठक बस्ने समय	कार्यसूची	कार्यसूची प्रस्तुतकर्ता	कैफियत
२०८०।०३।१०	१:०० बजे	राष्ट्रिय धुन		
२०८०।०३।१०	१:०५ बजे	ज्ञात अज्ञात शहिदहरु प्रति १ मिनेट मौनधारण		
२०८०।०३।१०	१:०८ बजे	झापा क्षेत्र नं. ३ (२) प्रदेश सभा सदस्य श्री छविलाल चुडालज्यूलाई आतिथ्यता ग्रहण गराउदै सभामा विशेष सम्वोधन		गाउँसभा तथा नगर सभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ५८ को १ ख बमोजिम
२०८०।०३।१०	१:४० बजे	विनियोजन विधयेक २०८० पेश	गाउँसभा सदस्य एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक श्री लक्ष्मी देवी मैनाली	
२०८०।०३।१०	१:२० बजे	आर्थिक विधयेक २०८० पेश	गाउँसभा सदस्य एवं राजस्व परामर्श समिति संयोजक श्री लक्ष्मी देवी मैनाली	

अनुसूची-१

(कार्यविधी ऐनको दफा १८ सँग सम्बन्धित)

हल्दीबारी गाउँपालिका

१५ औं गाउँसभा

कार्यसूची र समय तालिका

बैठक संख्याः २ बैठक स्थानः गाउँपालिकाको सभाहल अध्यक्षताः श्री रविन्द्र प्रसाद लिङदेन

मिति	बैठक बस्ने समय	कार्यसूची	कार्यसूची प्रस्तुतकर्ता	कै.
२०८०।०३।१३	११:०० बजे	राष्ट्रिय धुन		
२०८०।०३।१३	११:०५ बजे	ज्ञात अज्ञात शहिदहरु प्रति १ मिनेट मौनधारण		
२०८०।०३।१३	११:०८ बजे	विविध निर्णय प्रस्ताव प्रस्तुत	देवी वहादुर थापा	
२०८०।०३।१३	११:१५ बजे	नाम टिपाउने सभा सदस्यहरुको धारणा प्रस्तु	क्रमशः सुकलाल राजवंशी , शान्ता शिवाकोटी, प्रकाश कुमार कार्की, अम्विका तोलाङ्गी र जिवन कन्दङ्वा	
२०८०।०३।१३	११:५० बजे	नीति तथा कार्यक्रम स्वीकृत	सभा अध्यक्ष	
२०८०।०३।१३	११:५५ बजे	विनियोजन विधयेक २०८० स्वीकृत	सभा अध्यक्ष	
२०८०।०३।१३	१२:०० बजे	आर्थिक विधयेक २०८० स्वीकृत	सभा अध्यक्ष	
२०८०।०३।१३	१२:०५ बजे	विविध निर्णय स्वीकृत	सभा अध्यक्ष	

हल्दीबारी गाउँपालिकाको १५ औं गाउँसभा अधिवेशनमा गाउँपालिकाका उपाध्यक्षद्वारा प्रस्तुत नीति, कार्यक्रम तथा सोसँग सम्बन्धित आय र व्ययको विवरण (बजेट)

गाउँपालिका उपाध्यक्ष श्री लक्ष्मी देवि मैनाली ज्यूले पन्ध्रौ गाउँसभा अधिवेशनको पहिलो बैठकमा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम एवं आय र व्ययको अनुमान। गाउँसभाका अध्यक्षज्यू, कोशी प्रदेश झापा जिल्ला क्षेत्र नं. ३ ख प्रदेश सभा सदस्य माननीय श्री छविलाल चुडाल ज्यू, गाउँसभा सचिव, सभा सदस्यहरु, उपस्थित सम्पुर्ण कर्मचारी एवं सुरक्षाकर्मी तथा पत्रकार मित्रहरु, अव म हल्दीबारी गाउँपालिकाको आ.व. ०८०।०८१ को नीति तथा कार्यक्रम र सो सँग सम्बन्धित आय र व्यय तथा विषयगत क्षेत्रमा विनियोजन गरिएको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आर्थिक विकास -

(क) कृषि तर्फ-

१. कृषि सेवा/पशु सेवा एप्लिकेसन निर्माण गरि उत्पादन कर्ता खरिद कर्ता बिच सहजै खरिद बिक्रीको वातावरण सृजना गराउने र उक्त एप्लिकेसनको माध्यबाट गाउँपालिकाले प्रदान गर्ने पशु तथा कृषि सेवा तथा सूचनाहरु कृषकहरुलाई छिटो, छरितो र घर घर मै सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने।

२. "किसानको खुशी, पशुपालन र कृषि" कार्यक्रमलाई निरन्तरता दिइनेछ। यस अन्तर्गत निम्न वमोजिम कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ :-

क. कृषकहरुलाई कृषि कार्यसँग सम्बन्धित आवश्यक मल तथा विउ, विजन सहुलियत मुल्यमा समयमै गाउँपालिका भित्रका कृषि तथा बहुउदेश्यीय सहकारी संस्थाहरु मार्फत उपलव्ध गराउन आवश्यक प्रबन्ध मिलाईनेछ।

- परम्परागत कृषि तथा पशुपालन प्रणालीलाइ समय सापेक्ष प्रविधिमैत्री बनाइ आधुनिकिकरणमा जोड गरिनेछ।
- पशु नश्ल सुधार कार्यक्रम मार्फत सुत्केरी भएका गाई भैंसीलाई सुत्केरी पोषण प्याकेज सम्बन्धित कृषकलाई उपलब्ध गराउने विगतदेखिको कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- नेपाल सरकारले पशु विमा तथा वाली विमाका लागि व्योहोर्ने रकमका अतिरिक्त कृषकसँगको साझेदारीमा पशु विमा प्रवर्द्धन कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- गाई भौंसी र वाख्राहरुमा पशु नश्ल सुधार कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- आन्तरिक तथा वाह्य परजिवी नियन्त्रणका लागि गाउँपालिका भित्रका किसानहरुलाइ निशुल्क रुपमा जुका र नाम्लेको औषधि उपलब्ध गराइनेछ। सामान्य पशु उपचार सेवा वडा कार्यालय मार्फत उपलब्ध हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ।
- माहुरी पालन कार्यक्रम प्रवर्द्धन गर्न इच्छुक कृषक तथा सामुदायिक वन उपभोक्ता

समुहहरुसँगको साझेदारीमा कम्तीमा एक घर, एक माहुरीको घार कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

- कृषक समुहहरुलाई कृषिमा यन्त्रिकीकरणका लागि अनुदान उपलब्ध गराइनेछ।
- खेत बाझो नराख्ने कृषकहरुलाई कार्यबिधि निर्माण गरि विशेष अनुदान उपलब्ध गराइनेछ।
- कृषकसँगको ५० प्रतिसत साझेदारीमा सिँचाई मोटर जडान तथा वितरणको कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका क्षेत्र भित्रका साना चिया कृषकहरुलाई चियाको उत्पादकत्व वढाउन सिँचाइका लागि आवश्यक सामाग्री एवम् इलेक्ट्रिक स्प्रे ट्याङकी लागतका सामग्री लागत साझेदारीमा उपलब्ध गराईनेछ।
- गाउँपालिका क्षेत्र भित्र अर्गानिक खेति प्रवर्द्धनका लागी तालिमको व्यवस्था मिलाईने छ।
- हाम्रो भान्सामा दैनिक रुपमा प्रयोग हुने लसुन, प्याज, अदुवा, वेसार, खुर्सानी जस्ता मसलाजन्य वाली तथा तोरी, गहु, मकै, आलु जस्दा खाद्य वस्तुहरुको अन्यत्र क्षेत्रवाट आयात गर्नु पर्ने अवस्थालाई न्युनीकरण गर्दै व्यवसायिक उत्पादनका लागि प्रोत्साहन गर्न अनुदानमा विउ तथा मल उपलब्ध गराईनेछ।
- गाउँपालिकामा कार्यरत कृषि तथा पशु प्राविधिकहरुलाई सम्बन्धित वडा अन्तर्गत सन्चालन हुने कृषि तथा पशुसँग सम्बन्धित कार्यक्रमहरुमा एक गाउँ, एक प्राविधिक कार्यक्रमसँग आवद्व गरी कृषकको घर दैलोसम्म सेवा प्रवाहको आवश्यक व्यवस्था मिलाईनेछ।
- कृषि उत्पादनमा आत्मनिर्भर बनाउनका लागि एक वडा एक पकेट कार्यक्रम सञ्चालनमा ल्याई अलग अलग प्रकृतिका कृषि उपजको उत्पादनमुलक कार्यमा जोड दिइनेछ।
- गाउँपालिका क्षेत्रमा ५ विघा भन्दा माथि सामुहिक खेति गर्ने समुह तथा कृषि सहकारीहरूलाई विशेष अनुदान उपलब्ध गराइनेछ।
- कृषिजन्य उत्पादनको उचित मुल्य निर्धारण गरी कृषकहरुको आर्थिक अवस्था सवलीकरण गर्न थोक तथा हाटबजारको विकास, विस्तार र व्यवस्थापन गर्ने तथा आवश्यकता अनुसार निरन्तर अनुगमन तथा नियमन गरिनेछ।
- प्रयोगशाला परिक्षणको आधारमा पशुपन्छीहरुको उपचार गरिने व्यवस्था गरिनेछ।

(ख) रोजगारी तर्फ-

- प्रधानमन्त्री रोजगार कार्यक्रम समेतसँग आवद्व गरी "सबैलाई सीप, सबैलाई रोजगार" कार्यक्रमको सुरुवात गरीनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका युवा वेरोजगारहरुलाई शीपमुलक तालिम प्रदान गरी स्वावलम्बन, स्वरोजगार, उद्यमशिलता एवं आय बृदी मार्फत गरिवी न्युनीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

- गाउँपालिका भित्र बसोबास गर्ने अल्पसंख्यक, लोपोन्मुख, सिमान्तकृत, पिछडावर्ग र न्युन आय भएका समुदायहरुको लागि सिपमुलक तालिममा विषेश प्राथमिकता दिइनेछ।
- हल्दीबारी गाउँपालिका भित्र एक तालिम केन्द्रको व्यवस्थापन गर्दै कार्यविधि निर्माण गरी स्वरोजगार केन्द्र स्थापना गरिनेछ।

(ग) पर्यटन तर्फ-

फेरी पनि घुम्न जाउँ, हल्दीबारी गाउँ अभियानलाई निरन्तरता दिईनेछ। जसका लागि निम्न अनुसारका कार्यक्रमहरु सन्चालन गरिनेछ।

- भेलागढी सामुदायिक वनको हाताभित्र लोकतान्त्रिक शहीद स्मृत्ति पार्कमा आधारभुत संरचनाहरुको निर्माण कार्य सम्पन्न गरिनेछ।
- हल्दीबारी गाउँपालिका क्षेत्र भित्र रहेका पाथिभरा, धनुष पोखरी, साकेला, स्वर्गद्वारी धार्मिक पर्योटकीय स्थल तथा पुरातात्विक, सांस्कृतिक इतिहास बोकेका धरोहर तथा सिमसार क्षेत्रहरुलाई पर्यटकीय स्थलको रुपमा विकास एवम् विस्तार गर्न आवश्यक सम्भाव्यता अध्ययनको कार्य अघि वढाइनेछ।
- जलथल जंगल र आवादिको सिमाना बिचको सडकलाई पर्यटकीय सडकको रुपमा विकास गरी आन्तरिक तथा वाह्य पर्यटनका लागि हल्दीबारी गाउँपालिका क्षेत्र भित्र रहेको सबै जातजातीहरुको जातिय पहिचान झल्काउने गरी होम स्टेहरुको विकास गर्न सम्भाव्यता अध्ययनको कार्य अगाडी बढाइनेछ।
- स्थानीय श्रम, शीप प्रयोग हुने तथा स्थानीय कला, संस्कृती झल्काउने सामाग्रीहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन गर्न लोक संग्राहालय तथा कोशेली घर स्थापना, सन्चालन र व्यवस्थापन गरिनेछ।

(घ) सहकारी तर्फ-

- गाउँपालिका क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरी "एक सहकारी, एक उत्पादन" कार्यक्रम मार्फत कृषि उपज बस्तुहरु खरिद, विक्री तथा वितरणको व्यवस्था मिलाइनेछ।
- स्थानीय श्रम, सीप र पुँजी प्रयोग गरी स्थानीय स्तर मै उत्पादन हुन सक्ने चामल, तोरीको तेल, माछाको दाना, च्याउ, स्यानिटरी प्याड, व्याग, जुत्ता-चप्पल लगायतका वस्तुहरुको प्रवर्द्धन, वजारीकरण तथा विविधिकरणका लागि स्थानीयस्तरमा लघु उद्योगहरु सन्चालनका लागि सहकारी संस्थाहरुसँग आवश्यक समन्वय गरिनेछ।
- उद्यमशिल हुन इच्छुक नागरिकहरुलाई कृषि सहकारी ,बहुउद्देश्य ऋण सहकारी तथा स्थानीय बैंकहरुको पुँजी परिचालन मार्फत व्यवसाय सञ्चालन गर्न सहुलियतमा ऋण

उपलब्ध गराउने व्यवस्थाका लागि समन्वयकारी भुमिका निर्वाह गरिनेछ।

- गाउँपालिका क्षेत्र भित्र सञ्चालित कृषि सहकारी संस्थाहरुसँग सहकार्य गरी मध्यम स्तरको कोल्डस्टोर निर्माण, संचालन तथा व्यवस्थापन गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र क्रियाशील सहकारी संघ संस्थाहरुको सञ्चालन पद्दती, ऋण नीति एवं संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धि व्यवस्थालाइ कडाइका साथ नियमन गरिनेछ, कार्यलाइ थप प्रभावकारी बनाइनेछ। संस्थाहरुले आफ्नो उद्देश्य अनुरुप हुने गरी मात्र ऋण प्रवाहको व्यवस्था मिलाउन आवश्यक अनुगमन एवं निर्देशन गरिनेछ।

(ङ) उद्योग वाणिज्य तर्फ-

- गाउँपालिका क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका उद्योग कलकारखानाहरुलाई थप व्यवस्थित र सुरक्षित वनाउन आवश्यक व्यवस्था मिलाईनेछ।
- उद्योग ब्यवसायीहरुले आफ्नो उद्योगधन्दा र कलकारखानामा प्राथमिक उपचार केन्द्र स्थापना गरी कामदारको सुरक्षालाई प्राथमिकता दिन आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ।
- गाउँपालिका क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका उद्योगधन्दा, कलकारखानामा काम गर्ने कामदारहरुको अनिवार्य स्वास्थ्य विमा गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ। हल्दीबारी गाउँपालिका भित्र स्थायी वसोवास भएका कामदार तथा मजदुरहरुको पहिचान गरी निशुल्क स्वास्थय विमा गर्ने व्यवस्था मिलाइनेछ।
- सरोकारवाला निकायहरुसँग सहकार्य र समन्वय गरी गाउँपालिका क्षेत्रभित्र रहेका चिया किसानहरुले उत्पादन गर्ने चियापत्तीको मूल्य सामयिक बनाउन तथा निर्धारण गर्नका लागि गाउँपालिकाबाट नेतृत्वदायी भूमिका निर्वाह गरिनेछ।
- स्थानीय नागरिकहरुलाई रोजगारीको अवसर उपलब्ध गराउने, स्वदेशी तथा विदेशी लगानी भित्र्याई स्थानीयस्तरमा उद्योगधन्दा, कलकारखानाको स्थापना गर्न चाहने व्यक्ति तथा संस्थाहरुलाई प्रोत्साहन स्वरुप स्थानीय करमा छुट दिने नीति अवलम्बन गरिनेछ।

(आ) सामाजिक विकास-

(क) खानेपानी तथा सरसफाई तर्फ -

- हल्दीबारी गाउँपालिका भित्र संचालनमा रहेका खानेपानि तथा सरफाई संस्थाहरुको मासिक विधुत खर्च ,कर्मचारी खर्च गाउँपालिकाको कार्यालय बाटै व्यायभार व्यहोरी हल्दीबारी गाउँपालिका भित्रका नागरिकतथा संस्थाहरुलाई १०००० (दश हजार) लि. सम्म खानेपानि निःशुल्क प्रदान गर्ने व्यवस्था मिलाइने छ।
- हल्दीबारी गाउँपालिका भित्रस्वच्छ खानेपानी आपूर्तिका लागि "हाम्रो लगानी, घर घरमा

स्वच्छ खानेपानी" कार्यक्रम सन्चालन गरी गाउँपालिकावाट खानेपानी पाईप लाइन तथा धाराहरु विस्तार गरिनेछ।

- गाउँपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी उपभोक्ता समुहहरुलाई आवश्यक नियमन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक स्थलहरुमा स्वच्छ खानेपानी उपलब्ध हुने व्यवस्था मिलाइनेछ।
- गाउँपालिका क्षेत्र भित्र साप्ताहिक रुपमा सञ्चालन हुने हाटबजारबाट निस्कने फोहोरमैलाको उचित व्यवस्थापन गरिनुका साथै सार्वजनिक स्थानहरुमा सार्वजनिक सौचालय निर्माण कार्य अघि बढाइनेछ।

(ख) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ-

- "हल्दीबारीका महिला, विकासमा पहिला" भन्ने अभियानलाई जीवन्त राख्न टोल विकास संस्थाको पुनःगठन तथा परिचालन कार्यलाई प्राथामिकताका साथ सञ्चालन गरिनेछ।
- वडास्तरमा गठन गरिएको समावेशी विकास समिति, युवा तथा खेलकुल विकास समिति, महिला विकास समिति र गाउँपालिकास्तरीय समावेशी विकास परिषद्, युवा तथा खेलकुद विकास परिषद्, महिला विकास परिषद मार्फत क्षमता अभिवृद्धि तथा सशक्तिकरणका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।
- "समृद्धिका पालक, हल्दीबारीका बालक" अभियानलाई कार्यान्वयन गर्न प्रत्येक वडामा गठन गरिएका बाल क्लबहरुको क्षमता अभिवृद्धि र नेतृत्व विकाश गरिनेछ। साथै राज्य निर्माणका हरेक गतविधिमा सकृय सहभागी हुने गरी शासकीय प्रणालीमा अभ्यस्त गराउनका लागि नमूना बाल संसद कार्यक्रमलाइ प्राथामिकताका साथ सञ्चालन गरिनुको साथै युवाहरुलाइ जीवनयापनका लागि सहि मार्गमा डोर्याउन निरन्तर रुपमा लागू औषध दुर्वयसन विरुद्धको सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिक, अल्पसंख्यक, दलित, आदिवासी जनजाति, मधेसी, फरक क्षमता भएका व्यक्ति, पिछडिएको क्षेत्र र न्यून आय भएका वर्गको सशक्तिकरणका लागि उद्यमशीलता सँग सम्बन्धित कार्यक्रमहरु तर्जुमा गरी सञ्चालनमा ल्याइनेछ।
- साहित्यिक मन, कृषि र पर्यटन अभियानलाई कार्यान्वयनमा लैजानका लागि साहित्य र कला मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति आर्जन गरेका स्थानीय व्यक्तित्वहरुलाई सम्मान गर्ने संस्कारलाई निरन्तरता दिइनेछ।
- दलित समुदायको आर्थिक सामाजिक तथा राजनीतिक लगायत अन्य क्षेत्रको सशक्तिकरणका लागि गाउँपालिकाको सवै वडाहरुमा उत्पिडित सशक्तिकरण केन्द्र गठन गरी संचालन गरिनेछ।

(ग) शिक्षा तथा खेलकुद तर्फ-

- **"शिक्षा संग शिप"** हल्दीबारी गाउँपालिका भित्र रहेका सामुदायीक माध्यमिक विधालयहरु मध्ये १ वडा १ मा.वि छनोट गरि सिपमुलक शिक्षा लागु गरिने छ।
- सामुदायीक विद्यालयको शैक्षिक क्रियाकलापलाई थप गुणस्तर बनाउनको लागि विद्यार्थीसँग जनप्रतिनिधि कार्यक्रम सञ्चालनमा ल्याइने छ।
- "हामी सबैका ईच्छा, अनिवार्य निशुल्क शिक्षा" कार्यक्रम अन्तर्गत कक्षा ११ र १२ मा अध्ययन गर्ने सबै विद्यार्थीलाई निःशुल्क पठनपाठनको व्यवस्थालाई निरन्तरता दिदै शिक्षाको गुणस्तरियता अभिवृद्धिका लागि अनुगमन कार्यलाई थप प्रभावकारी बनाइने छ। हल्दीबारी मा.वि., श्री जनजागृति मा.वि. र श्री लक्ष्मी मा.वि.लाई शैक्षिक गतिविधि संचालन गर्न अनुदान उपलब्ध गराइनेछ । पठनपाठनको नाममा विद्यार्थीबाट शुल्क असुली गर्ने प्रथाको अन्त्य गरिनेछ।
- सबै सामुदायिक विद्यालयमा कम्प्युटर शिक्षा प्रवर्द्धन गर्नका लागि घुम्ती कम्प्युटर शिक्षक एवं विद्यालयमा अति आवश्यक जनशक्तिको पुर्ती गर्न आवश्यक विषयका शिक्षकको लागि दिइने अनुदान कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाको कार्यालय, वडा कार्यालय, सबै सामुदायिक विद्यालय, स्वास्थ्य चौकीहरुमा जडान गरिएका सि.सि. क्यामराहरुको तथ्याङ्कहरु एकीकृत गरी उक्त तथ्याङ्क उपर गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयसमेतको पहुँच स्थापना गर्न आवश्यक सामग्रीहरुको व्यवस्थापन गरी इन्ट्रानेट मार्फत सञ्जालीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालय प्रति आम स्थानीयवासीको विश्वसनीयता बढाई शैक्षिक गुणस्तर समेत अभिवृद्धि गर्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, स्थानीय राजनैतिक दल, नागरिक समाज लगायत आम सरोकारवालालाई लक्षित गरी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालयमा कार्यरत बालशिक्षक, लेखापाल तथा सहयोगी कर्मचारीहरुलाई श्रम ऐनले तोकेको न्युनतम सेवा सुविधा उपलब्ध गराइनेछ। यसका लागि उनीहरुलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त गर्ने सेवा सुविधामा अपूग रकम गाउँपालिकाबाट व्योहोर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- लोपोन्मुख मेचे समुदायको भाषा संरक्षणका लागि सोही समुदायका विद्यार्थीहरुलाई लक्षित गरी श्री दीपेन्द्र प्रा.वि.मा मेचेहरुको मातृभाषामा पठनपाठन गर्ने गराउने कार्यलाई थप व्यवस्थित गरिनेछ।

- गाउँपालिका तथा वडास्तरीय फुटवल/ भलिवल तथा अन्य खेलका टिमहरु तयार गरिनेछ।

(घ) स्वास्थ्य तर्फ-

- गाउँपालिका स्तरीय पन्ध्र शैयाको आधारभूत अस्पतालमा चिकित्सक सहितको उपचार सेवाको व्यवस्था मिलाईनेछ साथै अस्पताल मार्फत स्वास्थ्य विमा कार्यक्रम सञ्चालनमा ल्याईनेछ साथै सुपथ मुल्यको फार्मेसी सेवा समेत सञ्चालनकार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका स्तरीय पन्ध्र शैयाको आधारभूत अस्पतालबाट भिडियो X-RAYसहितको सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ।
- गाउँपालिका क्षेत्र भित्रका विपन्न परिवारमा जन्मिएका शिशुहरुको सुपोषणको लागि मातृ शिशु स्याहार कार्यक्रम मार्फत गाउँपालिका मातहतमा रहेका स्वास्थ्य चौकी तथा बर्थिङ सेन्टरहरुबाट सेवा लिइरहेका सुत्केरीलाई पोषण भत्ता उपलब्ध गराइनेछ।
- सबै वडाहरुमा रहेको ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी, फरक क्षमता भएका नागरिकहरुलाई आवश्यकताको आधारमा घरभेट मार्फत स्वास्थ्य सेवा प्रदान गरिनेछ।
- राष्ट्रिय स्वास्थ्य कार्यक्रमहरुलाई निरन्तरता दिइ प्रभावकारी रुपमा सञ्चालन गर्दै विपन्नसँग सम्बन्धित क्यान्सर, मुटुरोग, मृगौलारोग, स्पाइनलकड लगायतका अन्य विरामीहरुलाई समेत जनता उपचार सहायता तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन कोष मार्फत लाभान्वित हुने व्यवस्था मिलाइनेछ।
- गरिवीका रेखामुनि रहेका प्रत्येक परिवारको पहिचान गरी निशुल्क स्वास्थ्य विमा गरिनेछ।
- स्वास्थ्य सेवा सम्बन्धि समुदाय स्तरीय जनचेतना मुलक कार्यक्रम सञ्चालन गरी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक स्वास्थ्य सेवा प्रवाह गर्ने गरी लागत उपयोगी कार्यक्रम समन्वयात्मक रुपमा सञ्चालन गरिनेछ।
- पाठेघर तथा स्तन क्यानसर जस्ता घातक रोगहरुको भ्याक्सिन उपलब्ध गराउने तथा चेतनामुलक कार्यक्रमको व्यवस्था मिलाइनेछ।
- हल्दीबारी गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको कम्तिमा वर्षको दुइ पटक स्वास्थ्य परिक्षण गर्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला र शहीद तथा वेपत्ता परिवारका सन्ततीहरुलाई जलथल स्वास्थ्य चौकी, गोलधाप स्वास्थ्य चौकी र हल्दीबारी स्वास्थ्य चौकीबाट उपलब्ध हुने ल्याबको सम्पूर्ण सेवा निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

(इ) पुर्वाधार विकास-

- हल्दीबारी गाउँपालिका भित्रका सडकहरुको नियमित रुपमा मर्मत संभार गर्ने व्यवस्था मिलाइनेछ, गाउँपालिकाभित्रका मुख्य तथा सहायक सडकहरुलाइ स्तरोन्नति सहित ग्राभेल कार्य गर्नका लागि कायम गरिएको २५ फिटको न्यूनतम मापदण्डलाइ निरन्तरता दिइनेछ। तर कृषि सडक, टोल भित्रका सडक तथा विस्तार गर्न नसकिने खण्डहरुको हकमा भने सो मापदणड भन्दा कम चौडाइका सडक खण्डहरुलाइ समेत स्तरउन्नती तथा ग्राभेल व्यवस्था मिलाईनेछ।
- हल्दीबारी गाउँपालिकाबाट ठेक्का बन्दोबस्त भएका बहुबर्षे आयोजनाहरुलाई निरन्ता दिदै कालो पत्रे सडकको पहुँच नपुगेका वडाहरुका अति आवश्यक सडकहरु पहिचान गरी मुल सडकलाई कालो पत्रे गर्ने नीति अवलम्बन गरिनेछ ।
- हल्दीबारी गाउँपालिका भित्र रहेका मुख्य नदीहरुमा रहेको काठेपुल विस्तापित गरी पक्की पुल तथा साना नदी एवं खोला खोल्साहरुमा स्लाभ कल्भर्ट र झोलुङ्गे पुल निर्माण गरिनेछ।
- हल्दीबारी गाउँपालिका भित्र विद्युतको पहुच नपुगेको टोल बस्तीहरुमा विद्युतको पहुँच विस्तार गरिनेछ।
- विगत वर्षहरुमा स्तरोन्नती तथा ग्राभेल गरिएका सडकहरुको नियमित मर्मतसम्भार हुने व्यवस्था मिलाइनेछ तथा नयाँ स्तरवृद्धि गरिने सडकका हकमा सम्बन्धित वडावाट नै ग्राभेल हुने व्यवस्था मिलाइनेछ।
- गाउँपालिका क्षेत्रमा विद्युत भोल्टेज सुधारका लागि ट्रान्सफर्मर विस्तार गर्नुपर्ने स्थानहरुको पहिचान गरेर सम्बन्धित निकायसँग समन्वय गरी उज्यालो गाउँपालिका अभियानलाई पुर्णता दिइनेछ।
- गाउँपालिका क्षेत्रमा रहेका बजारहरुलाई आधुनिक एवंम् व्यवस्थित बजारको रुपमा विस्तार गर्नका लागि बजारहरुको विस्तृत परियोजना प्रतिवेदन तयार पारिनेछ। साथै, आवश्यकता अनुसार बजार स्थानान्तरण गर्ने नीति समेत अवलम्वन गरिनेछ।
- गाउँपालिका तथा वडा कार्यालयबाट सञ्चालन हुने रु ४ लाख सम्मका आयोजना सम्बन्धित टोल विकास संस्थाबाट र सो भन्दा माथिका आयोजनाहरुको हकमा ठेक्का मार्फत सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।
- "दिगो विकासको आधार, व्यवस्थित र जनमैत्री पूर्वाधार" भन्ने नीतिलाई व्यवहारमा कार्यन्वायन गर्नका लागि गाउँपालिका क्षेत्रमा निर्माण गर्नुपर्ने सडक, पुल तथा कल्भर्ट, भवन, विद्युत विस्तार, बजार व्यवस्थापन लगायतका पूर्वाधार विकाससंग सम्बन्धित आयोजनाहरुको तथ्याङ्क संकलन गरी स्थानीय तहको बजेट, नीति तथा कार्यक्रम तर्जुमा

दिग्दर्शन, २०७४ वमोजिम प्राथमिकीकरण गरेर मात्र आयोजना सञ्चालन गर्ने प्रकृया अगाडी बढाउने नीतिलाई निरन्तर रुपमा अवलम्वन गदै लगिनेछ।

(ई) वन, वातावरण तथा विपद् व्यवस्थापन-

- हल्दीबारी गाउँपालिका भित्र रहेका सामुदायिक वनहरुसंग साझेदारिमा नदि किनारमा वृक्षारोपण गर्ने साथै १ घर १ बिरुवा कार्यक्रम संचालन गरिनेछ।
- हल्दीबारी गाउँपालिकाको भौगोलिक क्षेत्राधिकारभित्र रहेका सबै सामुदायिक वनहरुलाई गाउँपालिकाको कानूनी दायराभित्र ल्याइनेछ। सबै सामुदायिक वन उपभोक्ता समुहहरुले गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने आफ्नो वार्षिक कार्ययोजना गाउँ कार्यपालिकाको निर्णयले स्वीकृत गराउने व्यवस्था मिलाइनेछ । सामुदायिक वन उपभोक्ता समुहको कार्ययोजना बमोजिम सामुदायिक वनले गरिवी न्युनीकरण र विकास निर्माणमा खर्च गर्नुपर्ने रकममा गाउँपालिकाले समेत साझेदारी गर्ने नीति अख्तियार गरिनेछ।
- वन क्षेत्रभित्र रहेका धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सबै पर्यटकीय स्थलहरुको पूर्वाधार निर्माणका लागि संघीय तथा प्रादेशिक सरकार समक्ष अनुरोध गरिनेछ।
- गाउँ विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ । विपद्सँग सम्बन्धित प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक क्रियाकलापमा उक्त कोषबाट खर्च गर्ने व्यवस्था मिलाइनेछ।
- घाँसे प्रजातिका एवम् फलफुल प्रजातिका विरुवाहरु प्राथामिकतामा राखी सार्वजनिक स्थानमा वृक्षारोपण अभियान सञ्चालन गरिनेछ।
- हात्ती नियन्त्रका लागि गाउँपालिकाको वडा नं. ३, ४ र ५ मा पर्ने जलथल जंगलको सिमानामा रहेको सौर्य विद्युतिय तारबारको संरक्षण र मर्मतका लागि आवश्यकिय व्यवस्था मिलाईनेछ।
- गाउँपालिका भित्रबाट बग्ने मुख्य नदीहरुबाट हुने कटान र भूक्षयको रोकथाम तथा तटबन्धनका लागि सम्बन्धित निकायहरुमा आवश्यक पहल गरिनेछ।
- भैपरि आउने विपद व्यवस्थापनका लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद गरी तयारी अवस्थामा राख्ने व्यवस्था मिलाईने छ।
- गाउँपालिका स्तरीय र वडास्तरीय विपद व्यवस्थापन समितिहरुको क्षमता अभिवृद्धि तालिम संचालन गरिनेछ।
- गाउँपालिकामा रहेको आपतकालिन कार्य संचालन केन्द्रलाई पूर्णता दिइनेछ।
- जैविक विविधताले भरिपूर्ण जलथल जंगललाई परा पर्यावरणको रुपमा विश्वविद्यालयको अध्ययन केन्द्रका रुपमा प्रचार प्रसार गरिनेछ।

- प्रत्येक वडाहरुबाट कम्तीमा ३।३ जनाका दरले विपद उद्धार टिमको निर्माण गरी गाउँपालिकाबाट उद्धार तथा राहत टिमलाई आवश्यक तालिम प्रदान गरिनेछ।

(उ) संस्थागत विकास तथा सेवा प्रवाह-

- कार्यालयको काम कर्मचारी स्वयम्ले खोजीखोजीगर्ने संस्कार स्थापना गर्न वर्षभरीमा उत्कृष्ट कार्य सम्पादन गर्ने प्रत्येक वडाबाट १।१ जना र गाउँपालिकामा कार्यरत २ जना कर्मचारीलाई उत्कृष्ट कर्मचारी सम्मान गर्ने संस्कारलाई निरन्तरता दिइएको छ।
- सबै वडा कार्यालय, सामुदायिक विद्यालय र स्वास्थ्य संस्थाको समेत आफ्नै आधिकारिक वेभसाइट निर्माण गरी सम्पूर्ण सूचना तथा जानकारीहरु वेभसाइट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।
- कर्मचारी कल्याणकारी कोष नियमावली, २०७५ बमोजिम स्थापना गरिएको कर्मचारी कल्याणकारी कोषको व्यवस्थापन तथा परिचालनलाई थप व्यवस्थित गरिनेछ।
- गाउँपालिकाले प्रवाह गर्नुपर्ने सार्वजनिक सेवालाई प्रभावकारी, मितव्ययी र गुणस्तरीय बनाउनका लागि गाउँसभा तथा गाउँ कार्यपालिकाबाट पारित नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड आदिको सामयिक संशोधनको व्यवस्था मिलाइनेछ।
- सभ्य समाज निर्माण एवम् कुशल नेतृत्व विकास गर्नका लागि न्यायिक समितिको अगुवाईमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायत अन्य संघीय, प्रादेशिक तथा स्थानीय कानूनमा भएका महत्वपूर्ण प्रावधानहरु समेटी स्थानीय राजनैतिक दल, मेलमिलाप केन्द्र, नागरिक समाज, विभिन्न संघसंस्थामा आवद्ध पदाधिकारी लगायत आम सरोकारवाला नागरिकहरुलाई अभिमुखीकृत गरिनेछ।
- सबै सामुदायिक विद्यालय, गाउँपालिकाको कार्यालय, स्वास्थ्य चौकीहरु एवम् वडा कार्यालयहरुमा प्रयोग हुने गरि एकिकृत सफ्टवेयर/प्रणाली प्रयोग गर्न आवश्यक व्यवस्था मिलाईनेछ।
- माथि उल्लिखित बाहेक अघिल्लो गाउँसभा अधिवेशनद्धारा पारित नीति तथा कार्यक्रमलाई निरन्तर कार्यान्वयन गर्दै लगिनेछ।
- गाउँपालिका भित्रको सुरक्षा सम्वेदनशिलतालाई मध्यनजर गर्दै विभिन्न सडकहरुमा सि.सि. क्यामेराहरु जडान गरी नागरिकको जनधनको सुरक्षा गर्ने कार्यलाई कार्यान्वयन गरिदै लगिनेछ।
- कृषि एप्सको निर्माण गरी कृषि तथा पशु उपजको बजारिकरण तथा सूचनाको आदान प्रदान कार्यमा सहजता ल्याउने व्यवस्था मिलाइनेछ।

हल्दिवारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
जलथल, झापा
कोशी प्रदेश
आय व्ययको विवरण
आ.व. २०८०/०८१

शिर्षक		आ.व. २०८०।०८१को अनुमान
	कुल आय :	४८६९१०३२३.७४
	राजस्व	
१	**आन्तरिक आय**	३८१७०००० .००
२	**राजस्व बाँडफाँडबाट प्राप्त रकम :**	९३८००४००.००
	संघीय सरकार	८९६२९४००.००
	वन रोयलटी	६०००० .००
	दहत्तर बहत्तर	०.००
	प्रदेश सरकार	४१११०००.००
३	**अन्तर सरकारी वित्तीय हस्तान्तरण**	३५४९३९९२३.७४
३.१	**नेपाल सरकारबाट प्राप्त हुने :**	३१३३००००० .००
	वित्तीय समानीकरण अनुदान	१०९८००००० .००
	सशर्त अनुदान पुँजिगत	७३००००० .००
	सशर्त अनुदान चालु	१७९७०००००
	समपुरक अनुदान	५०००००० .००
	विशेष अनुदान	११५००००० .००
३.२	**प्रदेश सरकारबाट प्राप्त हुने :**	४१६३९९२३.७४
	वित्तीय समानीकरण अनुदान	६७८५०००.००
	सशर्त अनुदान	१५३७५०००.००
	समपुरक अनुदान	१०००००००.००
४	बैक मैज्दात	९४७९९२३.७४

	कुल व्यय :	४८६९१०३२३.७४
१	चालु खर्च	८१३४०००.००
२	पूँजीगत खर्च (कार्यालय संचालन)	१०००००.००
३	सशर्त अनुदान चालु, नेपाल सरकार	१७९७००००.००
४	सशर्त अनुदान पुँजिगत, नेपाल सरकार	७३००००.००
५	सशर्त अनुदान, प्रदेश सरकार	१५३७५०००.००
६	समपुरक अनुदान, नेपाल सरकार	५०००००.००
७	समपुरक अनुदान, प्रदेश सरकार	१००००००.००
८	विशेष अनुदान, नेपाल सरकार	११५००००.००
९	विशेष अनुदान, प्रदेश सरकार	०.००
१०	वडास्तरीय कार्याक्रम	१५१००००.००
११	**अन्य विषयगत क्षेत्र**	१४४०१४०००.००
	आर्थिक विकास :	५७००००.००
	सामाजिक विकास :	४०७५५०००.००
	पुर्वाधार विकास :	९२१९५०००.००
	वन वातावरण तथा विपद व्यवस्थापन :	११६४०००.००
	सुशासन तथा संस्थागत विकास	४२००००.००
१२	**विविध कोषहरु**	७१०१४००
	समपुरक कोष	४७००००.००
	मर्मत कोष	१००१४००.००
	जनता उपचार कोष तथा विपन्न नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रम	१४००००.००
	साझेदारी कोष	०.००
	बैक मैज्दात	९४७९९२३.७४
	अन्तिम बजेट बचत (+) / न्युन (-)	०.००

हल्दीबारी गाउँपालिका

गाउँ कायपालिकाको कायालय, झापा

विनियोजन विधेयक

हल्दीबारी गाउँपालिका, झापाको आर्थिक बर्ष २०८०/०८१को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केही रकम खर्च गर्नेर विनियोजन गर्ने सम्बन्धमा विनियोजन गर्न बनेको ऐन सभा बाट स्वीकृत मिति : २०८०/०३/१३

प्रस्ताबना: हल्दीबारी गाउँपालिका, झापा २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधाननको धारा २२९ को उपधारा (२) बमोजिम हल्दीबारी गाउँपालिका, झापाको गाउँसभा ले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "हल्दीबारी गाउँपालिका, झापाको विनियोजन ऐन २०८०," रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक बर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार: (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यका निमित्त अनुसुचि १ मा उल्लेखित चालुखर्च, पूँजिगत खर्चर वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम४८६९१०३२३.७४ (अक्षेरुपि अढ्चालिस करोड उन्नसत्तरी लाख दश हजार तीन सय तेइस रुपैया चौरहत्तर पैसा मात्र) मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिन्छ।

३. विनियोजन : (१)यस ऐनद्धरा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त हल्दीबारी गाउँपालिका, गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम कुनै मा बचत हुनेर कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सकिनेछ।यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशत मान बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बदी शीर्षक मा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षक मा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तरगत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यन्त्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोत बाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२)मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षको जम्मा स्वीकृत रकमको १०प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत लिनु पर्ने छ।

आर्थिक वर्ष २०८०/०८१ का लागि प्रस्तावित गाउँ कार्यपालिकाको बजेट

हल्दीबारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय झापा

कार्यालयको कोड : ८०११२५०७३००

आ.व. : २०८०/८१					
क स	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	वडा	विनियोजन
८०११२५०७१०१ हल्दीबारी गाउँपालिका					
१	पारिश्रमिक कर्मचारी	२११११	सरकार -नगद	सबै वडा	२१०००००.००
२	पारिश्रमिक कर्मचारी	२११११	नगद	सबै वडा	१०००००.००
३	पारिश्रमिक कर्मचारी	२११११	आन्तरिक श्रोत - नगद	सबै वडा	१०००००.००
४	पोशाक	२११२१	सरकार -नगद	सबै वडा	९००००.००
५	महंगी भत्ता	२११३२	सरकार -नगद	सबै वडा	९००००.००
६	कर्मचारीको बैठक भत्ता	२११३४	सरकार -नगद	सबै वडा	७००००.००
७	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	२११३५	सरकार -नगद	सबै वडा	१४००००.००
८	अन्य भत्ता	२११३९	सरकार -नगद	सबै वडा	१००००.००
९	पदाधिकारी बैठक भत्ता	२११४१	राजस्व बाँडफाँड - संघीय	सबै वडा	१०००००.००
१०	पदाधिकारीअन्य सुबिधा	२११४२	सरकार -नगद	सबै वडा	६०००००.००
११	कर्मचारी कल्याण कोष	२१२१४	सरकार -नगद	सबै वडा	१०००००.००
१२	पानी तथा बिजुली	२२१११	सरकार -नगद	सबै वडा	१०००००.००
१३	ईन्टरनेट ब्याडवीथ	२२११२	नेपाल सरकार - नगद अनुदान	सबै वडा	९००००.००
१४	संचार महसुल	२२११२	आन्तरिक श्रोत - नगद	सबै वडा	२००००.००
१५	संचार महसुल	२२११२	सरकार -नगद	सबै वडा	३००००.००
१६	सार्वजनिक उपयोगिताको सेवा खर्च	२२११३	नेपाल सरकार - नगद अनुदान	सबै वडा	५००००.००
१७	इन्धन (जे सि वि)	२२२११	सरकार -नगद	सबै वडा	१०००००.००
१८	इन्धन (कार्यालय प्रयोजन)	२२२१२	आन्तरिक श्रोत - नगद	सबै वडा	५००००.००
१९	इन्धन (कार्यालय प्रयोजन)	२२२१२	सरकार -नगद	सबै वडा	१५००००.००
२०	सवारी साधन मर्मत खर्च	२२२१३	नेपाल सरकार - नगद अनुदान	सबै वडा	१७००००.००
२१	बिमा तथा नवीकरण खर्च	२२२१४	सरकार -नगद	सबै वडा	६००००.००
२२	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	२२२२१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	सबै वडा	७००००.००
२३	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	२२२३१	राजस्व बाँडफाँड - संघीय सरकार -नगद	सबै वडा	१००००.००

क्र स	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	वडा	विनियोजन
२४	मसलन्द तथा कार्यालय सामाग्री (सूचना प्रविधि सहित)	२२३११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	सबै वडा	३३००००.००
२५	मसलन्द तथा कार्यालय सामाग्री (सूचना प्रविधि सहित)	२२३११	आन्तरिक श्रोत - नगद	सबै वडा	३००००.००
२६	पुस्तक तथा सामग्री खर्च	२२३१३	राजस्व बाँडफाँड - संघीय	सबै वडा	१००००.००
२७	पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च	२२३१५	आन्तरिक श्रोत - नगद	सबै वडा	२००००.००
२८	पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च	२२३१५	सरकार -नगद	सबै वडा	८००००.००
२९	अन्य कार्यालय संचालन खर्च	२२३१९	नेपाल सरकार - नगद अनुदान	सबै वडा	५००००.००
३०	एम टि एम पि योजना तयार	२२४११	आन्तरिक श्रोत - नगद	सबै वडा	१५००००.००
३१	संगठन तथा व्यावस्थापन सर्वेक्षण ONM	२२४११	सरकार -नगद	सबै वडा	५००००.००
३२	सेवा र परामर्श खर्च	२२४११	आन्तरिक श्रोत - नगद	सबै वडा	१०००००.००
३३	नेट्रोकिङ संभार तथा सर्भर र्ममत	२२४१२	नगद	सबै वडा	२००००.००
३४	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	२२४१२	सरकार -नगद	सबै वडा	५००००.००
३५	सेवा प्रवाहमा विद्युतिय सुचना प्रविधिको प्रयोग स्वास्थ्य तथा कृषि एप्स निर्माण	२२४१२	कोशी प्रदेश - नगद अनुदान	सबै वडा	६००००.००
३६	करार सेवा शुल्क	२२४१३	नगद	सबै वडा	१०००००.००
३७	करार सेवा शुल्क	२२४१३	राजस्व बाँडफाँड - संघीय	सबै वडा	२३४००००.००
३८	सरसफाईसेवा शुल्क	२२४१४	सरकार -नगद	सबै वडा	३००००.००
३९	कर्मचारी तालिम खर्च	२२५११	सरकार -नगद	सबै वडा	२००००.००
४०	लोक सेवा तयारी कक्षा सञ्चालन	२२५११	आन्तरिक श्रोत - नगद	सबै वडा	१०००००.००
४१	शिक्षा सेवा आयोग तयारी कक्षा सञ्चालन	२२५११	आन्तरिक श्रोत - नगद	सबै वडा	५००००.००
४२	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	२२५१२	सरकार -नगद	सबै वडा	५००००.००
४३	अनुगमन तथा सुपरिवेक्षण समितिलाइ आवश्यक सामाग्री व्यवस्थापन	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	३००००.००
४४	अपाङ्ग असंक्त भएका समुहलाई क्षमता विकास सिप विकास तथा सामाग्री वितरण कार्यक्रम	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	४६५००.००
४५	अपाङ्ग असंक्त भएका समुहलाई क्षमता विकास सिप विकास तथा सामाग्री वितरण कार्यक्रम	२२५२२	कोशी प्रदेश - नगद अनुदान	सबै वडा	१०३५००.००
४६	आदिवासी जनजाति तथा पिछडावर्गका समुदायलाई सिप विकास तथा क्षमता विकास कार्यक्रम	२२५२२	राजस्व बाँडफाँड —स्थानीय - नगद	सबै वडा	१०३५००.००

क्र स	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	वडा	विनियोजन
४७	आदिवासी जनजाति तथा पिछडावर्गका समुदायलाई सिप विकास तथा क्षमता विकास कार्यक्रम	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	४६५००.००
४८	उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	१००००.००
४९	कार्यक्रम खर्च	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	७६०००.००
५०	कार्यक्रम खर्च	२२५२२	सरकार -नगद	सबै वडा	४२४०००.००
५१	जनता उपचार कोष तथा विपन्न नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रम	२२५२२	राजस्व बाँडफाँड —स्थानीय - नगद	सबै वडा	३००००.००
५२	जनता उपचार कोष तथा विपन्न नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रम	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	३००००.००
५३	जनता उपचार कोष तथा विपन्न नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रम	२२५२२	कोशी प्रदेश - नगद अनुदान	सबै वडा	८००००.००
५४	जनप्रतिनिधिहरुलाइ सार्वजनीक खरिद प्रकृया सम्बनिध तालिम	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	१५०००.००
५५	टोल बिकास संस्थाहरुलाइ संस्थागत विकास योजना सञ्चालन सम्बन्धि तालिम	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	५००००.००
५६	टोल विकास संस्थाहरुलाइ संस्थागत विकासका लागी कोष स्थापना	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	२८०००.००
५७	धर्म संस्कृति प्रबद्धन तथा संरक्षण कार्यक्रम	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	५००००.००
५८	धर्म संस्कृति प्रबद्धन तथा संरक्षण कार्यक्रम	२२५२२	सरकार -नगद	सबै वडा	५००००.००
५९	न्यायीक समिति सँग सम्बन्धित कार्यक्रम	२२५२२	नेपाल सरकार - नगद अनुदान	सबै वडा	२००००.००
६०	निशुल्क खानेपानी कार्यक्रम(१००००) लिटर सम्म	२२५२२	कोशी प्रदेश - नगद अनुदान	सबै वडा	२५००००.००
६१	बेरोजगार श्रमीकहरुका लागी सिपमुलक तालिम सञ्चालन	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	१५०००.००
६२	मेचे जातिलाई सिप मुलक तालिम	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	४६५००.००
६३	मेचे जातिलाई सिप मुलक तालिम	२२५२२	नेपाल सरकार - नगद अनुदान	सबै वडा	१०३५००.००
६४	युवा तथा खेलकुद विकास कार्यक्रम	२२५२२	नगद	सबै वडा	१७२५००.००
६५	युवा तथा खेलकुद विकास कार्यक्रम	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	७७५००.००
६६	रोजगार सेवा केन्द्र सञ्चालन तथा अनुगमन	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	५००००.००

क स	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	वडा	विनियोजन
६७	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम (महिला बालबालिका ज्येष्ठ नागरिक अपांगता दलित आदिवासी जनजाती मधेसी मुस्लीम पिछडा वर्ग तथा लोपोन्मुख जाती	२२५२२	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	सबै वडा	३५०००.००
६८	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम (महिला बालबालिका ज्येष्ठ नागरिक अपांगता दलित आदिवासी जनजाती मधेसी मुस्लीम पिछडा वर्ग तथा लोपोन्मुख जाती	२२५२२	नेपाल सरकार - नगद अनुदान	सबै वडा	३००००.००
६९	बाल क्लब लक्षित कार्यक्रम	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	६२०००.००
७०	बाल क्लब लक्षित कार्यक्रम	२२५२२	नेपाल सरकार - नगद अनुदान	सबै वडा	१३८०००.००
७१	शिघ्र बिपत उद्धार सम्बन्धी तालिम	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	२००००.००
७२	सुरक्षित बैदेशीक रोजगार तथा वित्तिय साक्षरता सम्बन्धी सचेतनात्मक कार्यक्रम ।	२२५२२	आन्तरिक श्रोत - नगद	सबै वडा	५०००.००
७३	सार्वजनिक सुनुवाई	२२५२२	नगद	सबै वडा	२००००.००
७४	अल्या दाहित्व सृजना भएको चालु खर्च	२२५२९	आन्तरिक श्रोत - नगद	सबै वडा	२९७९९२३.७४
७५	विविध कार्यक्रम खर्च	२२५२९	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	सबै वडा	६००००.००
७६	विविध कार्यक्रम खर्च	२२५२९	आन्तरिक श्रोत - नगद	सबै वडा	४००००.००
७७	अनुगमन मूल्यांकन खर्च	२२६११	आन्तरिक श्रोत - नगद	सबै वडा	५००००.००
७८	भ्रमण खर्च	२२६१२	सरकार -नगद	सबै वडा	७००००.००
७९	विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च	२२६१३	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	सबै वडा	१५०००.००
८०	अन्य भ्रमण खर्च	२२६१९	आन्तरिक श्रोत - नगद	सबै वडा	५०००.००
८१	विविध खर्च	२२७११	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	सबै वडा	१६५०००.००
८२	विविध खर्च	२२७११	आन्तरिक श्रोत - नगद	सबै वडा	१५०००.००
८३	सभा सञ्चालन खर्च	२२७२१	राजस्व बाँडफाँड - संघीय	सबै वडा	२५०००.००
८४	नागरिक सहायता कोष	२५३१५	राजस्व बाँडफाँड - संघीय	सबै वडा	३००००.००
८५	नागरिक सहायता कोष	२५३१५	नगद	सबै वडा	२००००.००
८६	नागरिक सहायता कोष	२५३१५	नेपाल सरकार - नगद अनुदान	सबै वडा	१०००००.००

क्र स	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	वडा	विनियोजन
८७	घरभाडा	२८१४२	सरकार -नगद	सबै वडा	५००००.००
८८	सवारी साधन तथा मेशिनर औजार भाडा	२८१४३	सरकार -नगद	सबै वडा	४००००.००
८९	अधिकारी चौकमा सि सि क्यामरा जडान (वडा नं ४ र ५ को सिमानामा)	३११२२	आन्तरिक श्रोत - नगद	वडा नं ४ र ५	७७५००.००
९०	अधिकारी चौकमा सि सि क्यामरा जडान (वडा नं ४ र ५ को सिमानामा)	३११२२	नेपाल सरकार - नगद अनुदान	वडा नं ४ र ५	१७२५००.००
९१	बेरोजगार श्रमीकहरुका लागी रोजगार आयोजना सञ्चालनका लागी आवश्यक सुरक्षा समाग्री तथा औजार	३११२२	आन्तरिक श्रोत - नगद	सबै वडा	५००००.००
९२	मेशिनरी औजार तथा फर्निचर खरिद	३११२२	सरकार -नगद	सबै वडा	५००००.००
९३	मेशिनरी औजार तथा फर्निचर खरिद	३११२२	नेपाल सरकार - नगद अनुदान	सबै वडा	५००००.००
९४	गाउँपालिकाको प्रशासकीय भवनको फर्निचर भुक्तानी बाँकी	३११२३	नेपाल सरकार - नगद अनुदान	गा पा	१०००००.००
९५	ऐनाबारी शिव मन्दीर हुदै तारा प्रधानको घर हुदै हुलाकी राज मार्ग जोड्ने सडक ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं ४	४६५००.००
९६	ऐनाबारी शिव मन्दीर हुदै तारा प्रधानको घर हुदै हुलाकी राज मार्ग जोड्ने सडक ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं ४	१०३५००.००
९७	ओम मिश्रको घर उत्तर राजेन्द्र भुजेलको घर सम्म जाने सडक ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं ३	२३२५०.००
९८	ओम मिश्रको घर उत्तर राजेन्द्र भुजेलको घर सम्म जाने सडक ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं ३	५१७५०.००
९९	ओमकारेश्वर मन्दिर दक्षिण झोलुङ्गे पुलसम्म ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं १	१०३५००.००
१००	ओमकारेश्वर मन्दिर दक्षिण झोलुङ्गे पुलसम्म ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं १	४६५००.००
१०१	कञ्चनश्री बजार पश्चिम भुतेनी खोला सम्म बाटो ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं ५	५१७५०.००
१०२	कञ्चनश्री बजार पश्चिम भुतेनी खोला सम्म बाटो ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं ५	२३२५०.००
१०३	कैदि मावोको घर उत्तर दक्षिण सडक ग्राभेल तथा मर्मत	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं ५	१७२५००.००

क स	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	वडा	विनियोजन
१०४	कैदि मावोको घर उत्तर दक्षिण सडक ग्राभेल तथा मर्मत	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं ५	७७५००.००
१०५	कुमार भारतीको घर छेउबाट डिल्ली उप्रेतीको घर सम्म जाने सडक ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं ३	६९०००.००
१०६	कुमार भारतीको घर छेउबाट डिल्ली उप्रेतीको घर सम्म जाने सडक ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं ३	३१०००.००
१०७	कुरुङ्ग माइलाको घर पश्चिम सहिद मेम मार्ग सम्म बाटो ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं ५	३१०००.००
१०८	कुरुङ्ग माइलाको घर पश्चिम सहिद मेम मार्ग सम्म बाटो ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं ५	६९०००.००
१०९	कुलुङ्गे चोक बाट ढडुवा हुदै जम्बा चोक पश्चिम हुलाकी राजमार्ग जोड्ने सडक ।	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं ३	१४०००००.००
११०	कुलुङ्गे चोक बाट ढडुवा हुदै जम्बा चोक पश्चिम हुलाकी राजमार्ग जोड्ने सडक ।	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं ३	१०००००.००
१११	कालोटोपी गाँउ देखि पश्चिम उमानन्द र निर्भय राजवंशीको घर हुँदै रामलाल चोक जोड्ने सडक ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं २	६९०००.००
११२	कालोटोपी गाँउ देखि पश्चिम उमानन्द र निर्भय राजवंशीको घर हुँदै रामलाल चोक जोड्ने सडक ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं २	३१०००.००
११३	गजाधर गौतमको घर देखि धनबाहादुर बनको घर सम्म जोड्ने सडक ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं ३	२३२५०.००
११४	गजाधर गौतमको घर देखि धनबाहादुर बनको घर सम्म जोड्ने सडक ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं ३	५१७५०.००
११५	गैरी बनको घर दक्षिण कृष्ण घिमिरेको घर सम्म जोड्ने सडक ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं ३	५१७५०.००
११६	गैरी बनको घर दक्षिण कृष्ण घिमिरेको घर सम्म जोड्ने सडक ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं ३	२३२५०.००
११७	गाउँपालिका क्षेत्र भित्रका विभिन्न सडक ग्राभल तथा मर्मत र भैतिक सुधार कार्यक्रम	३११५१	आन्तरिक श्रोत - नगद	सबै वडा	२६८९४०.००
११८	गाउँपालिका क्षेत्र भित्रका विभिन्न सडक ग्राभल तथा मर्मत र भैतिक सुधार कार्यक्रम	३११५१	नेपाल सरकार - नगद अनुदान	सबै वडा	४११०६०.००

क स	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	वडा	विनियोजन
११९	गोबिन्द घिमिरेको घर दक्षिण बाहदशी गा पा सिमानाको अगम चोक सम्म ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं १	५५२००.००
१२०	गोबिन्द घिमिरेको घर दक्षिण बाहदशी गा पा सिमानाको अगम चोक सम्म ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं १	२४८००.००
१२१	गोरेबहादुर इम्बुङको घर उत्तर पश्चिम चन्द्र दहालको घर सम्म ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं १	२३२५०.००
१२२	गोरेबहादुर इम्बुङको घर उत्तर पश्चिम चन्द्र दहालको घर सम्म ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं १	५१७५०.००
१२३	च्याङ्राबन्दा देखी नेत्रमार्ग ख कालोपत्रे जोड्ने सडक ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं ४	८६२५०.००
१२४	च्याङ्राबन्दा देखी नेत्रमार्ग ख कालोपत्रे जोड्ने सडक ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं ४	३८७५०.००
१२५	जनजाग्रिति मा बि बाट किरात चोक हुदै लाटीहोलि जोड्ने सडक र चाकला चोक बाट दक्षिण योग प्रसाद भट्टराईको घर हुदै राम जानकि मन्दिर सम्म जाने सडक ।	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं १	१०००००००.००
१२६	जनजाग्रिति मा बि बाट किरात चोक हुदै लाटीहोलि जोड्ने सडक र चाकला चोक बाट दक्षिण योग प्रसाद भट्टराईको घर हुदै राम जानकि मन्दिर सम्म जाने सडक ।	३११५१	राजस्व बाँडफाँड - संघीय सरकार - नगद	वडा नं १	१५७६०००.००
१२७	जय दुर्गा मन्दिर बाट आर पि सिवाकोटी को घर जाने सडक ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं ४	८६२५०.००
१२८	जय दुर्गा मन्दिर बाट आर पि सिवाकोटी को घर जाने सडक ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं ४	३८७५०.००
१२९	जसमान पथ देखी साकेला आसपास सडक ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं ४	९३०००.००
१३०	जसमान पथ देखी साकेला आसपास सडक ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं ४	२०७०००.००
१३१	जिवनबाडी देखि पश्चिम पराजुलीको बगान हुँदै निर्मल महत्तोको घर हुँदै विरबहादुर राजवंशीको ग्रामथान सम्म बाटो स्तरवृद्धि तथा ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं २	६९०००.००

क स	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	वडा	विनियोजन
१३२	जिवनबाडी देखि पश्चिम पराजुलीको बगान हुँदै निर्मल महत्तोको घर हुँदै विरवहादुर राजवंशीको ग्रामथान सम्म बाटो स्तरवृद्धि तथा ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं २	३१०००.००
१३३	ढडुवाखोलाको पुलबाट दिपेन्द्र प्रा वि हुदै कदम चौक जोड्ने सडक ग्राभेल	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं ३	१२४२००.००
१३४	ढडुवाखोलाको पुलबाट दिपेन्द्र प्रा वि हुदै कदम चौक जोड्ने सडक ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं ३	५५८००.००
१३५	देउनिया खोलाबाट प्याजु बस्ति देखी काजली हुदै गाउँपालिका आउने सडक ग्राभेल मर्मत	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं २,३ र ४	१५५०००.००
१३६	देउनिया खोलाबाट प्याजु बस्ति देखी काजली हुदै गाउँपालिका आउने सडक ग्राभेल मर्मत	३११५१	नेपाल सरकार - नगद अनुदान	वडा नं २,३ र ४	३४५०००.००
१३७	द्रोण सुबेदिको घर देखि मिन पौडेलको घर हुदै माछा पोखरी सम्म सडक ग्राभेल	३११५१	आन्तरिक श्रोत - नगद	वडा नं ४	६२०००.००
